अद्धा५

# पेन्सन वञ्चित शिक्षक समूह जिल्ला संघर्ष समिति
## पर्सा, बिरगंज

**श्री शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालय, काठमाण्डौं**
**मार्फत**
**शिक्षा विकास तथा समन्वय इकाई पर्सा**

मिति:- २०८१ / १० /०६

**विषय : ज्ञापन पत्र सम्बन्धमा ।**

नेपाल सरकारद्वारा हाल जारी गरिएको अध्यादेशबाट शिक्षकलाई योगदानमा आधारित निवृत्तभरण कोषमा सहभागी गराउने सम्बन्धमा अध्यादेशबाट भएको व्यवस्था प्रति पेन्सन बञ्चित पर्सेली शिक्षकहरुको गम्भिर ध्यानाकर्षण भएकोछ । नेपाल सरकारले मिति २०८१ पौष २९ गते जारी गरेको सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धि केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ का केहि बुन्दा स्वागत योग्य भए पनि यस मार्फत योगदानमा आधारित निवृतिभरण कोष ऐनको परिच्छेद ४ को ९ (क) मा (क१) थप गरी "शिक्षक सेवा" भन्ने विषय थप गरेको र सो प्रावधानले २०७५/१२/०४ पछि नियुक्त शिक्षकहरुलाई भूतप्रभावी कानून लागू गर्ने अध्यादेश जारी गर्नु आफैमा गलत, अन्यायपूर्ण र घोर आपतिजनक छ । पर्सा जिल्लाका सम्पूर्ण पेन्सन बञ्चित शिक्षकहरू यो अध्यादेशको उक्त प्रावधान अविलम्ब खारेजीको माग गर्दछ । साथै सेवा अवधि अपुग भइ पेन्सन बाट बन्चित हुने (अस्थाई, राहत, करार) शिक्षकहरुको समेत नपुग सेवा अवधि गणना गरि पुरानै प्रणाली अनुसार पेन्सनको व्यवस्था समेत लागु गरियोस । नयाँ संघीय शिक्षा ऐन जारी नहुँदाका बखतसम्म पुरानै निवृतिभरण प्रणाली लागू गर्न र नयाँ ऐन जारीपछि मात्र शिक्षकहरुका लागि योगदानमा आधारित निवृत्तिभरण कोष ऐन लागू गर्न सरकारसमक्ष माग गर्दछ। विद्यालय शिक्षा विधेयक २०८० संसदीय शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा परामर्श चरणमा छलफल भईरहेको अवस्थामा सम्वन्धित सरोकारवालाहरूसँग विना छलफल सरकारद्वारा अध्यादेश जारी गर्नु सरासर गलत हो । विगतमा हाम्रो साझा छाता सङ्गठन नेपाल शिक्षक महासङ्घसंग भएका बिभिन्न सम्झौता जस्तै ३० बुँदे, ५१ बुँदे, २०८० असोज ५ गते र १२ गतेको ६ बुँदे र ५ वुँदे सम्झौताहरूको सम्बोधन हुनुपर्ने जोरदार माग गर्दछौं।

बिन्दु भुषण साह
9840597888
सचिव

रामबाबक प्रसाद यादव
9840369079
संयोजक

CamScanner